# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, असार १ गते २०३२ साल [अतिरिक्ताङ्क १३

### श्री ५ को सरकार
### संचार मन्त्रालयको
### सूचना

सञ्चार संस्थान ऐन, २०२८ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम नेपाल दूर सञ्चार संस्थानको स्थापना र गठन गरेको छ।

१. संस्थानको नामः– "नेपाल दूर सञ्चार संस्थान" रहेको छ।

२. संस्थानको मूल कार्यालयः– नेपाल दूर सञ्चार संस्थान (यसपछि "संस्थान" मानिएको) को मूल कार्यालय काठमाडौंमा रहने छ।

३. संस्थानको उद्देश्यः– राष्ट्रिय एकताको सुदृढीकरण तथा आर्थिक विकासको निमित्त आवश्यक दूर सञ्चार सेवा जनसाधारणका लागि समेत सरल सुलभ एवं सुपथ रुपमा अधिराज्यभर उपलब्ध गराउनु यस संस्थानको उद्देश्य हुनेछ।

४. संस्थानको काम कर्तव्यः– (१) व्यावसायिक सिद्धान्तको अनुसरण गरी अधिराज्यभर सकभर सरल सुलभ एवं सुपथ रूपमा दूर सञ्चार सेवा उपलब्ध गराउनु यस संस्थानको कर्तव्य हुनेछ।

(२) सञ्चार संस्थान ऐन, २०२८ को अधीनमा रही संस्थानले निम्नलिखित कामहरु गर्न सक्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।